नेपाल सरकार

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
## चिया तथा कफी विकास कार्यालय
### नुवाकोट

# मध्यपहाडी लोकमार्ग केन्द्रित कफी डेमोन्स्ट्रेसन प्लट स्थापना सहयोग कार्यक्रमसम्बन्धी सूचना

***(प्रथमपटक सूचना प्रकाशित मिति : २०८१/०९/१८)***

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, चिया तथा कफी विकास कार्यालय नुवाकोटको आव २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार लोकमार्गकेन्द्रित कफी डेमोन्स्ट्रेसन प्लट निर्माण सहयोगका लागि कार्यक्रम स्वीकृत भएको हुँदा **'कफी डेमोन्स्ट्रेसन प्लट स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१'** मा भएको व्यवस्थाअनुसार १० रोपनी क्षेत्रफलमा नमुना कफी बगैंचा स्थापना गर्ने इच्छुक कृषक, फर्म, कृषक समूह वा सहकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक निवेदकहरूलाई तपसिलबमोजिमका कागजात संग्लन गरी यो सूचना प्रकाशन भएको ३५ दिनभित्र निवेदन पेस गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपसिल :**

१. अनुसूची-४ बमोजिमको निवेदन
२. कृषकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म/कृषक समूह/सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि र आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि
३. रोपण गर्ने प्रस्तावित जग्गाको लालपुर्जाको छायाकपी तथा नापी विभागको नक्साको प्रतिलिपि वा जग्गा भाडामा भए १० वर्षसम्म भाडामा लिएको सम्झौताको प्रतिलिपि
४. व्यक्तिगत वा संस्थागत प्यान नं. (स्थायी लेखा नम्बर) को प्रमाणपत्रको प्रतिलिपि
५. सस्थागत भए कार्यक्रम सञ्चालनसँग सम्बन्धित निर्णय तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. सम्बन्धित स्थानीय तह वा वडाको सिफारिस (कफीसम्बन्धी कार्यक्रमसमेत उल्लेख गर्ने)
७. विदेशबाट फर्केको भए सोसम्बन्धी पासपोर्ट वा अन्य कागजातको प्रतिलिपि
८. कफी तथा कृषिसम्बन्धी तालिम लिएको भए सोको प्रामाणपत्रको प्रतिलिपि

**कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र : नुवाकोट, सिन्धुली, काभ्रे, सिन्धुपाल्चोक र धादिङ (बागमती प्रदेश)**

***नोट : कार्यविधि एवम् विस्तृत विवरणका लागि बोर्डको सूचना पाटीं वा वेबसाइट www.teacoffe.gov.np मा हेर्न सक्नुहुनेछ ।***

**थप जानकारीका लागि :**

९८४१५६३५३४, ९८४५२०३९०२ **EMAIL ID : nuwakot@ntcdb.gov.np**